# गोदावरी नगरपालिका
# Godawari Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office Of the Municipal Executive
बज्रबाराही, ललितपुर/ Bajrabarahi, Lalitpur
बागमती प्रदेश, नेपाल/ Bagmati Province, Nepal
२०७३/2073


प. सं/Let. No. मितिः २०८३/०७/११

च. नं/Ref. No.

## उच्च सतर्कता अपनाउने सम्बन्धी अत्यन्त जरुरी सूचना ।

नेपाल मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाद्वारा मिति २०८३ कार्तिक ९ गते, सोमबार जारी विशेष मौसमी बुलेटिनअनुसार बंगालको खाडीमा रहेको "अर्नव" चक्रवात थप शक्तिशाली बन्दै गएको र यो अति शक्तिशाली हुने सम्भावना रेहेकाले आगामी कार्तिक १२ गते बिहिबार देखि कार्तिक १४ गते शनिबारसम्म चट्याङ्ग, हावाहुरीसहित भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेको छ । भारीदेखि धेरै भारी वर्षाका कारण नदी तथा खोलामा बहाव बढ्ने, आकस्मिक बाढी, पहिरो, डुबान,हावाहुरी तथा चट्याङको जोखिम हुने भएकोले उच्च सतर्कता अपनाउनु हुन र देहाय बमोजिम गर्नु, गराउनु हुन सबैमा अनुरोध गरिन्छ ।

देहायः-

- धानबाली काट्ने, भित्र्याउने लगाएतका कृषिकार्य कार्तिक १२ गते, बिहिबार अगाडि नै गर्ने गराउने,
- उक्त अवधिमा अत्यन्त जरुरी नभई दिउँसो र रातको समयमा यात्रा नगर्ने। यात्रा गर्नुअघि सडक तथा मौसमको अवस्थाबारे जानकारी लिने,
- आकस्मिक बाढी तथा हावाहुरी आउनसक्ने खोला, खहरेका नजिकका बस्ती, पहिरोको जोखिमयुक्त स्थान र खोला/नदी किनारका बस्तीका वासिन्दाहरु बढी चनाखो हुने। यस्तो समयमा खोलामा पौडी खेल्ने, माछा मार्ने वा खोला/नदी किनारमा सकभर हिँडडुल नगर्ने,
- बाढी, पहिरो तथा डुबानको जोखिम देखिएमा समयमै नजिकको सुरक्षित स्थानमा जाने र स्थानीय तह तथा सुरक्षा निकायसँग तत्काल समन्वय गर्ने,
- बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा बिरामी व्यक्तिको सुरक्षामा विशेष ध्यान दिने,
- पशुचौपाया, खाद्यान्न, औषधी, महत्वपूर्ण कागजात तथा अन्य अत्यावश्यक सामग्री सुरक्षित स्थानमा राख्ने,
- विद्यालयले विद्यार्थीहरु विद्यालय आउँदा र घर फर्कदा बाटोमा हुनसक्ने विपद्जन्य परिस्थितिका बारेमा उच्च चनाखो र सतर्कता अपनाउने,
- नेपाल मौसम विज्ञान विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट जारी हुने अद्यावधिक पूर्वानूमान/पूर्वसूचना/चेतावनी सम्बन्धी जानकारी लिइरहन हुन अनुरोध छ ।
- यस सम्बन्धमा थप सहयोग, समन्वय एवं सहजीकरणका लागि निम्न नम्बरहरुमा सम्पर्क गर्नुहोलाः-

नेपाल प्रहरी-१०० एम्बुलेन्स-१०२ ट्राफिक प्रहरी-१०३

विपद सहायता-१२३४

मौसम सम्बन्धी जानकारीको लागी-११५५

सशस्त्र प्रहरी बल नेपाल-१११४

जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र (DEOC-९८४३/९७६४५४६८९४)

गोदावरी नगरपालिका विपद व्यवस्थापन शाखा-९८५१२१४५७९

प्रमुख-जिल्ला प्रहरी परिसर-९८५१२२५५५५

जिल्ला प्रहरी परिसर- (सूचना अधिकारी)-९८५१२६०९०५

मुना अधिकारी
नगर उप-प्रमुख